**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं.३३६

पुनरावेदन नं. ०७६-RB-००२५

**मुद्दाः– आयकर (२०७२।०७३)।**

| | |
|---|---|
| लाईफ अटोमोबाईल्स प्रा.लि. गैरीधारा, काठमान्डौं (स्थायी लेखा नं. ६०१८३६९७०) को तर्फबाट अख्तियार प्राप्त अध्यक्ष संचालक श्री विष्णु कुमार अग्रवाल..........१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..........१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौ..........१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कर्यालयको निर्णय मितिः-२०७५।०३।३२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :विद्वान अधिवक्ता श्री विकास अग्रवाल

:विद्वान अधिवक्ता श्री विकल्प अग्रवाल

प्रत्यर्थी कार्यालयका तर्फबाट :विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकर

**अविलम्वित नजीरः ×**

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति

२०७५।०३।३२ को संशोधित कर निर्धारणको निर्णय उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजश्व विभागमा मिति २०७५।०५।०८ मा निवेदन दिएकोमा आयकर ऐन, २०५८ दफा ११५(८) बमोजिमको समयभित्र निर्णय हुन नसकेको भनी आन्तरिक राजस्व विभागलाई सूचना दिई सो उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

## तथ्य खण्ड

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री लाईफ अटोमोबाईल्स प्रा.लि. को आ.व. २०७२।०७३ को कारोबार सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य नोक्सानी रु.१,४२,६८,४१०।९७ कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७३।०९।२८ मा आय विवरण पेश गरेको ।

२. आ.व. २०७२।०७३ लागि ठूला करदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा करदाताबाट पेश हुन आएको आय विवरणसाथ संलग्न कागजात तथा फाँटवारी र प्रमाणहरुको अध्ययन, छानविन तथा परीक्षण गरी सो आधारमा पेश हुन आएको प्रतिवेदन समेतलाई मुख्य आधार बनाई विश्लेषण गर्दा प्रस्तुत करदाताको आ.व. २०७२।०७३ को सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम आयमा समावेश गर्नुपर्ने रकम समावेश नभएको, कट्टी गर्न नपाईने रकम खर्च दाबी भएको देखिएकोले आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनका लागि संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५(पन्ध्र) भित्र पेश गर्न करदाता श्री लाईफ अटोमोबाईल्स प्रा.लि.लाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।२७ मा जारी भएको सूचना ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।२७ मा जारी भएको सूचना करदाताले मिति २०७५।०३।२९ मा बुझिलिई सोको लिखित जवाफ मिति २०७५।०३।३२ मा पेश गरेको ।

४. करदाताले पेश गरेको करयोग्य नोक्सानी जम्मा रु.१,४२,६८,४१०।९७ को सम्बन्धमा कर परीक्षण गर्दा करदाताले विभिन्न व्यक्तिहरुलाई कमिसन दिनाको आधार/कारण र प्रमाण पेश गर्न नसकेको साथै आयकर ऐन, २०५८ को दफा १३(ग) बमोजिमको

व्यवसायको आय आर्जनसंग सम्बन्धित खर्च भएको पुष्टि हुन नसकेको हुँदा दाबी कमिसन/ईन्सेन्टिभ खर्च रु.२७,३८,१३२।- लाई खर्चकट्टी दिन नमिल्ने तथा करदाताले दाबी गरेको नाफा नोक्सान हिसाबको प्रशासनिक खर्च अन्तर्गतका दुई खर्च शिर्षक ट्राभलिङ एण्ड कन्भियन्स खर्च रु.३,६१,२६३।२० लाई विना प्रमाण भुक्तानी दिएको, तथा स्टाफ वेलफेयर खर्च रु.१,४७,३२८।३८ व्यावसायको आय आर्जनसंग सम्बन्धित खर्च भएको भनिएको तर त्यसलाई पुष्ट्याई गर्ने रितपूर्वकको विल, भरपाई र प्रमाण पेश हुन नसकेको हुदां ट्राभलिङ एण्ड कन्भियन्स खर्च र स्टाफ वेलफेयर खर्च दुवैलाई आयकर ऐन, २०५८ को दफा १३(ग) बमोजिम खर्च कट्टी दिन नमिल्ने देखिन्छ। साथै करदाता अटोमोबाईल्स प्रा.लि.को बिक्रि लेजर बमोजिम बिक्रि रु.२८,२४५।५४ देखिएको तर खरिदकर्ताले रु.१,१६,८२८।२४ खरिद प्रविष्ट गरेको देखिएको हुंदा फरक रकम रु.८८,५८२।७० प्रस्तुत प्रा.लि.को घटी बिक्रि देखिन आउछ, घटी बिक्रि नभएको भनी करदाताबाट प्रमाण पुष्टि हुंने कुनै कागजात समेत पेश हुन नसकेको हुंदा उक्त घटी बिक्रि रकमलाई थप बिक्रि कायम गरी करदाताको मुनाफा र लाभमा समावेश गर्नुपर्ने देखिन आउछ, त्यसैले करदाताले पेश गरेको करयोग्य आय (नोक्सानी) जम्मा रु.१,४२,६८,४१०।९७ मा खर्च कट्टी दिन नमिल्ने रकमको योग जम्मा रु.३२,४६,७२३।५८ तथा मुनाफा र लाभमा समावेश गर्नुपर्ने रकम रु.८८,५८२।७० समेत जोडी हुन आउने कुल जम्मा रु.३३,३५,३०६।२८ रकमलाई करदाताले पेश गरेको करयोग्य आय (नोक्सानी) रु.१,४२,६८,४१०।९७ बाट घटाई हुन आउने रकम रू.१,०९,३३,१०४।६९ लाई मात्र करदाताको आ.व. २०७२/०७३ मा करयोग्य आय (नोक्सानी) भएको ठहऱ्याई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।३२ मा खडा भएको संशोधित कर निर्धारण आदेश।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५।०३।३२ मा जारी गरेको आ.व. २०७२।०७३ को आयकर (नोक्सानी) तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता श्री लाईफ अटोमोबाईल्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०५।०८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।३२ मा भएको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझाई प्रशासकीय पुनरावलोकनको लागि मिति २०७५।०५।०८ मा आन्तरिक राजश्व विभागमा निवेदन पेश गरेकोमा आयकर ऐन, २०५८ को दफा ११५(८) बमोजिम ६० दिनभित्र निर्णय गरिसक्नु पर्नेमा सो नभएको

कारणबाट आयकर ऐन, २०५८ को दफा ११५(८) तथा दफा ११६ र राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ बमोजिम म्यादभित्र करदाता श्री लाईफ अटोमोबाईल्स प्रा.लि. ले यस राजस्व न्यायाधिकरणमा दर्ता गरेको पुनरावेदन पत्र ।

७. ठूला करदाता कार्यालयबाट संशोधित कर निर्धारण आदेशको क्रममा कमिशन तथा ईन्सेन्टिभ, ट्राभलिङ एण्ड कन्भियन्स तथा **Staff Walfare** वापतको खर्च वापतको रकमका सम्बन्धमा रीतपूर्वकको बील एवं कागज प्रमाण पेश गरेको अवस्थमा उक्त रकममा खर्च कट्टी अमान्य गरेको साथै कर परीक्षणको क्रममा घटी विक्री देखिएको भन्ने आधार लिई घटी वापतको रकमलाई आयमा समावेश गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।३२ मा भएको संशोधित कर निर्धारणको आदेश कानूनसम्मत भएको नदेखिंदा सो निर्णय बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भन्ने समेत व्यहोरा उल्लेख गरी करदाताले यस न्यायाधिकरणमा मिति २०७६।०५।०३ मा दर्ता गरेको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छ्लफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०३।१७ मा भएको आदेश ।

९. यसमा पुनरावेदन पत्रमा उठान गरिएको विषय वस्तुहरुको सम्बन्धमा पुनरावेदक तर्फबाट मुकरर हुनु भएका विद्वान अधिवक्ता तथा प्रत्यर्थी तर्फबाट विशेष सरकारी वकिल कार्यालय काठमाडौंलाई १५ दिनभित्र लिखित बहस नोट पेश गर्ने जानकारी गराई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।४।२३ मा भएको आदेश।

१०. प्रस्तुत मुद्दामा मिति २०७९।०४।२३ को आदेश बमोजिम प्रत्यर्थी विशेष सरकारी विकल कार्यालय, काठमाडौंको तर्फबाट बहसनोट पेश गरेको नदेखिँदा ३ दिन भित्र बहसनोट पेश गर्न लगाई लगाउको मुद्दा समेत साथै राखी नियमानुसार गरी पेश गर्नु यस न्यायाधिकरणबाट मिति २०७९।९।२४ मा भएको आदेश।

११. राजस्व न्यायाधिकरणको मिति २०७९।०४।२३ को आदेशानुसार पुनरावेदकको तर्फबाट विद्वान अधिवक्ता श्री विकल्प अग्रवालले मिति २०७९।०४।३० मा र प्रत्यर्थी कार्यालयको तर्फबाट विद्वानसहायक न्यायाधिवक्ता श्री विकास बन्जाराले मिति २०७९।०९।२५ का दिन यस न्यायाधिकरणमा पेश भएको लिखित बहसनोट।

## <u>ठहर खण्ड</u>

१२. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता श्री लाईफ अटोमोबाईल्स प्रा.लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री विकास अग्रवाल र श्री विकल्प अग्रवालले ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेशमा करदाताबाट पेश भएको कागज प्रमाणलाई यथोचित मूल्यांकन नगरिएको कारणबाट उक्त आदेश त्रूटिपूर्ण रहेको हुँदा सो आदेश बदर गरी पुनरावेदन मागदावी बमोजिम गरीपाउँ भनी तथा प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिलको कार्यालय, काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकरले संशोधित कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयबाट भएको निर्णय विधिसम्मत रहेको हुँदा सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१३. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु तथा लिखित बहसनोट र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा ,यसमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको हकमा भएको संशोधित कर निर्धारण आदेश मिलेको छ, छैन ? करदाताको जिकिर पुग्न सक्छ ,सक्दैन भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखियो।

१४. निर्णय तर्फ विचार गर्दा, करदाताको पहिलो पुनरावेदन जिकिर विक्री वितरण खर्च अन्तर्गतको कमिशन एवं ईन्सेन्टिभ खर्चका सम्बन्धमा रहेको देखिन्छ। ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको क्रममा करदाताले विभिन्न व्यक्ति हरुलाई कमिशन दिनाको आधार, कारण र प्रमाण पेश गर्न नसकेको कारण कमिशन एवं ईन्सेन्टिभ खर्च वापतको रकम रु.२७,३८,१३२।- खर्च कट्टी दिन नमिल्ने भनी उल्लेख गरेको व्यहोरालाई करदाताले कानूनसम्मत नभएको भनी चुनौती दिएको देखिन्छ। विभिन्न व्यक्तिहरुलाई भुक्तानी दिएको उल्लेखित शीर्षक वापतको रकम व्यवसायसँग सम्बन्धित रहेको हुँदा उक्त खर्च कट्टी पाउनु पर्ने करदाताको मागदावी रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा दफा १३(ग) मा कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका कारोबारसंग सम्बन्धित खर्च कट्टी गर्न पाउने कानूनी व्यवस्था रहेको देखिन्छ। करदाता श्री लाईफ अटोमोबाईल्स प्रा.लि.को अटोमोबाईल्स व्यवसाय भएको हुदां गाडीहरु बिक्रि गर्नका लागी विभिन्न रिकन्डिसन हाउससंग संलग्न व्यक्ति, स्थानिय वर्कसपमा कार्यरत व्यक्तिहरु तथा सम्पर्क सुत्रमा आबद्व व्याक्तिहरुको सहयोग/रिफ्रेन्सबाट व्यवसाय संचालन गर्नुपर्ने

हुंदा बिभिन्न सम्पर्क सुत्र मार्फत बिक्रि गरिने बिक्रिमा निश्चित रकम कमिसन वापत भूक्तानी गर्नुपर्ने बाध्यता रहेको हुन्छ भन्ने कुरालाई अन्यथा मान्न सकिदैन। यसलाई व्यवसायको आय आर्जन गर्ने कार्यमा नै भएको खर्च मान्नुपर्ने हुन आउँछ। सोही अनुसार कारोबार गर्दा करदाताले रु. २७,३८,१३२।- विभिन्न व्यक्तिहरुलाई कमिसन दिएको देखिन्छ। करदाताले कमिसन दिएका व्यक्तिहरुको नाम, रकम र यसमा अग्रिम कर काटिएको रकम सहितको विवरण स्पष्ट रुपमा खुलाई ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०७५।०३।३१ मा जवाफ सहित प्रमाण स्वरुप पेश गरेको देखिन्छ। उक्त जवाफ र प्रमाणलाई बेवास्ता गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले संशोधित कर निर्धारण गर्दा कमिसन/ईन्सेन्टिभ खर्च रु २७,३८,१३२।- लाई खर्चकट्टी दिन नमिल्ने भनी गरेको संशोधित कर निर्धारणको आदेश न्यायोचित नहुनुको साथै आयकर ऐन, २०५८ को दफा १३(ग) बमोजिम प्रतिकुल भएको हुंदा उक्त आदेश बदर योग्य भई करदाताले खर्च कट्टी पाउने देखियो।

१५. करदाताको दोश्रो र तेस्रो पुनरावेदन जिकिर प्रशासनिक खर्च सम्बन्धमा रहेको देखिन्छ। प्रशासनिक खर्च अन्तर्गत ट्राभलिङ एण्ड कन्भियन्स खर्च रु.३,६१,२३६।२०।— र स्टाफ वेलफेयर खर्च रु.१,४७,३२८।३८।- लाई ठूला करदाता कार्यालयले गैरकानूनी तवरले व्याख्या गरी कर निर्धारणको क्रममा आयमा समावेश गरी उक्त रकमहरु आयकर ऐन, २०५८ को दफा १३(ग) बमोजिम कट्टी दिन नमिल्ने भनी लिएको आधार तथा कारण कानूनसम्मत नरहेको हुँदा उक्त आदेश खारेज गर्नुपर्दछ भन्ने करदाताको पुनरावेदन जिकिर रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १३(ग) मा कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका कारोबारसंग सम्बन्धित खर्च कट्टी गर्न पाउने कानूनी व्यवस्था रहेको छ तर पुनरावेदक करदाताले ठूला करदाता कार्यालय समक्ष पेश गरेको जवाफ साथ उक्त रकमहरु व्यवसायको आय आर्जनसंग सम्बन्धित प्रशासनिक खर्च भएको रितपूर्वकको बिल भरपाई र प्रमाण पेश हुन नसकेको तथा करदाताले भ्रमपूर्ण तवरले प्रशासनिक खर्च देखाई कर दायित्वबाट मुक्त हुने उद्देश्य राखेको मान्नुपर्ने हुँदा यस सम्बन्धमा ठूला करदाता कार्यालयबाट आयकर ऐन, २०५८ को दफा १३(ग) बमोजिम ट्राभलिङ एण्ड कन्भियन्स खर्च रु ३,६१,२३६।२०।— र स्टाफ वेलफेयर खर्च रकम रु. १,४७,३२८।३८।- लाई खर्च कट्टी दिन नमिल्ने गरी भएको संशोधित कर निर्धारण आदेश कानूनसम्मत नै देखियो।

१६. करदाताको अन्तिम पुनरावेदन जिकिर ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको क्रममा घटी विक्री कायम गरी आयमा समावेश गरेको रकमका सम्बन्धमा

रहेको देखिन्छ । करदाताले प्रमाण ईन्टरनेशनल प्रा.लि. लाई विभिन्न मितिमा उधारो र नगदमा बिक्रि गरेको रकम रु.१,१६,८२८।२४ मध्ये रु.२८,२४५।५४ उधारोमा बिक्रि गरेको रु.८८,५२८।७० नगदमा बिक्रि गरेको रकम अनुसूची-१३ मा प्रविष्ट गर्ने समयमा छुट हुन गएको हुँदा उक्त रकमलाई घटी बिक्रि मानी आयमा समावेश गर्न नमिल्ने अवस्था रहेकोमा सो तर्फ विवेचना नगरी उक्त रकमलाई घटी बिक्रि मानी आयमा समावेश गर्नेगरी भएको संशोधित कर निर्धारण आदेश कानूनसम्मत नरहेको हुँदा उक्त आदेश खारेज गर्नुपर्दछ भन्ने करदाताको पुनरावेदन जिकीर रहेको देखिन्छ। करदाताको पुनरावेदन जिकीर र ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको गरेको अन्तिम कर निर्धारण आदेशको सम्बन्धमा विश्लेषण गर्दा करदाता श्री लाईफ अटोमोबाईल्स प्रा.लि.ले प्रमाण ईन्टरनेशनल प्रा.लि.लाई विभिन्न मितिमा उधारो र नगदमा बिक्रि गरेको रकम रु.१,१६,८२८।२४ मध्ये रु.२८,२४५।५४ उधारोमा बिक्रि गरेको रु.८८,५२८।७० रकमलाई नगदमा बिक्रि गरेको रकम अनुसूची-१३ मा प्रविष्ट गर्ने समयमा छुट हुन गएको तथ्यलाई स्वीकार नै गरेको देखियो। यही प्रश्न समावेश यिनै करदाताले दायर गरेको आ.व. २०७२।७३ को मुल्य अभिवृद्धि कर तर्फको लगाउको ०७६-RB-००२४ को मुद्दामा शुरू निर्णय सदर हुने ठहर भई आज यसै न्यायाधिकरणबाट फैसला भइसकेको हुँदा सो समेत आधारमा घटी विक्री देखाएको रू.८८,५८२।८० लाई मुनाफा र लाभमा समावेश गर्ने शुरू निर्णय मनासिव नै देखियो।

१७. तसर्थ माथि विवेचना गरिएको आधार र कारणबाट करदाता श्री लाईफ अटोमोबाईल्स प्रा.लि. (स्थायी लेखा नं. ६०१८३६९७०) को आर्थिक वर्ष २०७२/०७३ को ठूला करदाता कार्यालय ललितपुरले संशोधित कर निर्धारण गर्दा करदाताले अग्रिम कर समेत बुझाई कमिसन दिएका व्यक्तिहरुको नाम र रकम सहितको विवरण स्पष्ट रुपमा खुलाई गाडी बिक्रि गर्दा दिएको रु.२७,३८,१३२।- कमिसन खर्च सम्बन्धमा पेश गरेको प्रमाणलाई अनदेखा गरी उक्त रकम आयमा समावेश गरेको हदसम्म मिति २०७५।०३।३२ को निर्णय मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ। करदाताको अन्य पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. माथि ठहर खण्डमा उल्लेख भए बमोजिम करदाता श्री लाईफ अटोमोबाईल्स प्रा.लि. (स्थायी लेखा नं. ६०१८३६९७०) को आर्थिक वर्ष २०७२/०७३ को ठूला करदाता कार्यालय ललितपुरले संशोधित कर निर्धारण गर्दा करदाताले अग्रिम कर समेत बुझाई

कमिसन दिएका व्यक्तिहरुको नाम र रकम सहितको विवरण स्पष्ट रुपमा खुलाई गाडी बिक्रि गर्दा दिएको रु.२७,३८,१३२।- कमिसन खर्च सम्बन्धमा पेश गरेको प्रमाणलाई अनदेखा गरी उक्त रकम आयमा समावेश गरेको हदसम्म मिति २०७५।०३।३२ को निर्णय केही उल्टी हुने ठहरी फैसला भएको हुँदा सो वापतको रकम हिसाव गरी करदाताको आगामी आ.व. को हिसावमा मिलान गरिदिनू भनी ठूला करदाता कार्यालयलाई लेखि पठाउनू।

२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

३. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

वासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृत: प्रमोद रिजाल
नायव सुब्बा: धनपति चम्लागांई
ईति सम्वत् २०८० साल बैसाख ४ गते रोज २ शुभम् ---------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप